बैठक संख्याः ५/२०८१/०८२

मितिः २०८१/०८/३०

समयः दिनको १ बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री होम प्रकाश श्रेष्ठज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

<u>उपस्थितिः</u>

| क.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल बिक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

<u>अन्य</u>

| | | | | |
|---|---|---|---|---|
| १. | | [illegible] | शि.अ. | भूमे शिक्षा शाखा |
| | | | | |
| | | | | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ५/०८१-८२ मिति २०८१/०८/३० को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | |
| २. | कार्य प्रगति र सेवा प्रवाह समीक्षा सम्बन्धमा। | |
| ३. | समवेदना सम्वन्धमा । | |
| ४. | योजना कार्यान्वयन स्थान छनौट सम्वन्धमा । | |
| ५. | राहत सम्वन्धमा | |
| ६. | सहमती सम्वन्धमा । | |
| ७. | कार्यविधी सम्वन्धमा । | |
| ८. | अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धमा । | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ५/०८१-८२ मिति २०८१/०८/३० को कार्यपालिको बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णय नं. १:

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को बैंठक संख्या ४ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ५ वटा निर्णयहरुमध्ये ४ वटा निर्णय कार्यान्वयन भएको खुशी व्यक्त गर्दै बाँकी १ निर्णय कार्यान्वयन पनी जतिसक्यो छिटो गर्नुपर्ने निश्कर्ष निकालियो।

निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो।

निर्णय नं. ३:

भूमे गाउँपालिकाको स्थापनाकाल देखि निरन्तर ६ बर्षसम्म गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत जिम्मेवारीमा सही हाल संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयमा कामकाज गरिरहनुभएका श्री चन्द्रसिंह श्रेष्ठको बुवा श्री मनप्रसाद श्रेष्ठको मिति २०८१-०८-२९ गते शनिवार तथा भूमे गाउँपाललका वडा नं १ का वडा सदस्य ढाँत पुन ज्यू को श्रीमती श्री सम्जी पुनको मिति २०८१-०८-२६ गते असामयिक निधन भएको हुदाँ ~~मृत्यू भएकी हुदाँ~~ मृतकहरुप्रती हार्दिक श्रंद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

लुम्बिनी प्रदेश सरकारको शसर्त अनुदान अन्तर्गत भूमे गाउँपालिलाई प्राप्त बजेट खर्च शीर्षक २२५२२ गोठ सुधार कार्यक्रम कार्यान्वयन गर्नको लागी वडा नं ३ को झुम्लाबाङ लगायतका टोलहरुलाई छनोट गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

भूमे गाउँपालिका वडा नं ९ मा बस्ने लालसुर ओलीको मिति २०८१-०५-१५ मा परेको अविरल बर्षाको कारणवाट बाखको खोर, घर परिवारले प्रयोग गर्ने ट्याङ्की, ट्वाईलेट पुर्ण रुपमा क्षती भई परिवार बसिरहेको घर समेत आंशिक रुपमा क्षती भएको हुदाँ हाललाई १५ओता जाली उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६:

कर्णाली प्रदेश सरकारको स्थानीय सेवा गठन तथा संचालन ऐन २०८१. को दफा १३६ बमोजिम प्रदेशभित्र एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वा अन्य प्रदेशका स्थानीय तहवाट प्रदेशभित्रको स्थानीय तहमा कम्तीमा एक वर्ष अधिदेखि कामकाज वा काज सरुवामा आई कामकाज गरिरहेका स्थानीय तहमा पदस्थापन हुन चाहेमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा निवेदन दिनसक्ने र निवेदन दिँदा पदाधिकार रहेको स्थानीय तह र कामकाज गरिरहेको स्थानीयतहको कार्यपालिकाको पदस्थापनको लागि सहमतिको निर्णय गर्नुपर्ने भन्ने व्यवस्थाअनुसार भूमे गाउँपालिकामा पदाधिकार रही अन्य स्थानीय तहमा कामकाज गरिरहेका कर्मचारीहरु मध्ये तपशिल विवरण भएका कर्मचारीलाई कामकाज गरिरहेकै स्थानीय तहमा पदाधिकार सहित पदस्थापनको लागि सहमती दिइएको व्हेोरा सादर अनुरोध छ ।

तपसिल

| क्र.सं. | नामथर | ठेगाना | तह | सेवा | पदाधिकार सहित पदस्थापन हुने स्थानीय तह |
|---|---|---|---|---|---|
| १ | रमा विष्ट (क.सं.न. २३६८७४) | सानीभेरी गाउँपालिका, रुकुम पश्चिम | सहायकस्तर चौथों | प्रशासन सेवा | सानीभेरी गाउँपालिका, रुकुम पश्चिम। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | प्रतिक्षा रावल(क.सं.न. २४०८३७) | त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम | सहायकस्तर चौथों | ईन्जिनियरिङ सेवा | त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम। |
| ३ | मनोज खड्का (क.सं.न. २३६८७८) | सोनीभेरी गाउँपालिका, रुकुम पश्चिम | सहायकस्तर पाचौं | प्रशासन सेवा | सानीभेरी गाउँपालिका, रुकुम पश्चिम। |
| ४ | पवन कुमार के.सी.( (क.सं.न. २४०८३६) | सानीभेरी गाँउपालिका | खा.पा.सा.टे. चौथो | नेपाल ईन्जिनियरिङ सेवा | सानीभेरी गाउँपालिका, रुकुम पश्चिम । |

निर्णय नं. ७:

भूमे गाउँपालिकाको आन्तरिक लेखापरिक्षण कार्यविधि, २०८१ पास गरियो ।

निर्णय नं. ८:

भूमे गाउँकार्यपालिकाको मिति २०८१-०७-१४ गतेको बैठकको निर्णय नं. ६ ले भूमे गाँउपालिकको अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि, २०७५ को दफा ६ वमोजिम भूमे गाँउ कार्यपालिकाको मिति २०८०-०६-०४ को बैठकबाट गठन भएको स्थानीय समन्वय समितीले विगत ६ महिनादेखि परिचय-पत्र वितरण गर्न असमर्थ भएको हुनाले भूमे गाँउपालिकको अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि, २०७५ को दफा ६ वमोजिमको स्थानीय समन्वय समितिलाई अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण कार्य अविलम्ब सुरु गर्न निर्देशन दिइएकोमा अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण कार्य संचालन नगरेकाले आजको मिति सम्म भूमे गाउँपालिकामा पेश भई दर्ता हुन आएको व्यक्तिहरुलाई परिचयपत्र वितरणको लागी वर्गिकरण सहित प्रमुख प्रशाकीय अधिकृत समक्ष प्रमाणीकरणको लागि सिफारिस गर्न सम्वन्धित शाखालाई (योजना तथा अनुगमन, महिला तथा वालवालिका, स्वास्थ्य) निर्देशन दिईयो ।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राखे सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | फरक मत नरहेको | |

२०८१/०८/३०